# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड २) संख्या ३८ स्थानीय राजपत्र भाग २ मिति २०७५।११।०७


# कृषि विकास कार्यक्रम संचालन कार्य निर्देशिका, २०७५

परिचय :

विश्वव्यापीकरणसँगै कृषक तथा उपभोक्ताहरुको सोच तथा चाहनामा देखा पर्न थालेको परिर्वतनको परिवशेले गर्दा एक्लो सरकारी तीन तहबाट मात्र यस्ता कृयाकलाप र सेवा टेवा अर्पयाप्त देखिने भएकोले कृषि विकासका लागि संस्थागत वाटो पहिल्याउनु पर्ने आवश्यकता महसुसु गरिएको छ । यस परिपेक्ष्यमा कृषि विकासमा संलग्न सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रका निकाय विच समन्वयन हुन जरुरी छ । यसका लागि नेपाल सरकारको नीति, रणनीति, निर्देशिका, कार्यविधि र मार्गर्दशन पनि स्पष्टका साथ निर्दिष्ट हुनुपर्ने देखिन्छ । कृषकहरुलाई विभिन्न सेवाटेवा प्रदान गर्ने परिप्रेक्ष्यमा सेवाग्राहीलाई सेवा प्रदान गर्ने निर्धारित प्रकृया, परिमाण तथा प्राविधिक मापदण्डका आधारहरु निर्दिष्ट हुनु पर्दछ । यसले सिमित श्रोत र साधनको सदुपयोग हुनुको साथै साझेदारी र सहकार्यलाई पनि प्रोत्साहन प्रदान

गर्दछ । यसका अतिरिक्त यसवाट कार्यक्रम कायान्वयनमा सजता, सरलता र पारदर्शिता पनि हुन जान्छ । त्यसकारण कार्यक्रममा एकरुपता तथा प्रभावकारिता ल्याउन कार्यक्रमको प्राविधिक तथा आर्थिक मापदण्डको आवश्कता पर्दछ ।

यस घोराही उप-महानगरपालिकावाट संचालन गर्ने कृषि विकासका कार्यक्रमहरु यसै निर्देशिकामा आधारित रही गरिने परिपाटीको विकास गर्न यस निर्देशिका तयार पारिएको छ । यस निर्देशिका विगतमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग तथा ७५ वटै साविक जिल्ला कृषि विकास कार्यालयहरुले पालना गर्दै आएको नम्सलाई आधार मानी समय सापेक्ष प्राविधिक मापदण्डमा आधारित रही तयार गरिएको छ । यसमा कृषि प्रसार कार्यक्रमका प्राविधिक तथा आर्थिक मापदण्ड, निर्देशिका, एवं नर्म्सहरु समेत समावेश गरिएको हुँदा विषेशत स्थानीय तहबाट संचालन गरिन कृषि विकास कार्यक्रमहरु समाबेश गरिएको हुँदा यसले कार्यक्रम कायान्वयन गर्न सहयोग पुग्ने छ ।

**कार्यक्रम तथा संचालन प्रकृया तथा आर्थिक मापडण्ड विवरण**

**१) खाद्यान्न, तेलहन, दलहन बाली विकास कार्यक्रम**

यस कार्यक्रम अन्तरगत खाद्यान्न वालीको क्षेत्र विस्तार, उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नका लागि सहयोग पुग्ने खालका कार्यक्रमहरु समावेश गरिने छ ।

**१.१ उन्नत वीउ वितरण**

कुनै स्थान विषेशमा सफलता पाएको उन्नत बीउ बितरण गरी उत्पादनमा टेवा प्रदान गरिने छ । यसमा उन्नत बीउ खरिद गरी ४ के.जी.का दरले प्याकेट वनाई वीतरण गरिने छ । यसको लागि १ वटा प्याकेटलाई प्रति के.जी. प्रचलित बीउको मूल्य अनुसार बजेट खर्च गर्न सकिने छ ।

**१.२.मूल वीउ तथा उन्नत वीउ वितरण :**

यस कार्यक्रममा बीउ उत्पादक कृषकहरु समावेश हुने छन् । बीउ उत्पादन

गर्ने हेतुले कृषकलाई उसको जग्गाको क्षेत्रफलको आधारमा आवश्यक पर्ने बीउ ५० प्रतिशत अनुदानमा उपलव्ध गराइने छ। प्रचलित बीउको मूल्यको ५० प्रतिशत रकम खर्च गर्न सकिने छ।

**१.३. नतिजा प्रदर्शन कार्यक्रम :**

यस कार्यक्रममा स्थानीय स्तरमा उत्कृष्ट तथा नयाँ आयामिक प्रविधिको प्र्दशन गरेर कृषकलाई नया तथा पुरानो प्रविधिको वारेमा तुलनात्मक अध्ययन गर्नु हो । यस कार्यक्रममा खाद्यान्न, दलहन, तेलहन जस्ता बालीको एकैपटक वा पटक पटक गरी देखाउन सकिने छ । यसमा आवश्यक मल, बीउ, बाली संरक्षण सेवा तथा साईनबोर्ड गरी जम्मा ५०००।- प्रति नतिजा प्रदर्शन कार्यक्रम मार्फत खर्च गर्न सकिने छ ।

**१.४. उत्पादन प्रदर्शन कार्यक्रम :**

यस कार्यक्रममा नतिजा प्र्दशनमा भन्दा बढी क्षेत्रफल जग्गामा उन्नत तरीका तथा साधनको प्रयोग गरेर बढी उत्पादन लिने हिसाबले कृषकलाई प्रोत्साहन गरिने छ । यसमा बाली विषेश उन्नत प्रविधिको प्र्दशन गरिने छ । यो प्रदर्शन गर्न मल, बीउ, विषदी, साईनबोर्ड गरी जम्मा १००००।- प्रति उत्पादन प्रदर्शन कार्यक्रममार्फत खर्च गर्न सकिनेछ ।

**१.५. बाली चक्र प्रदर्शन**

उत्पादनका लागि आबश्यक साधनहरुको प्रयोग गरी सिंचाई सुविधा भएको स्थानमा पकेटको रुपमा सघन वालीचक्र प्रणाली अपनाई वाली उत्पादन गर्न यो प्रदर्शन कार्यक्रम संचालन गरिने छ । यो प्रदर्शन गर्न मल, वीउ, विषादी, साईनबोर्ड गरी जम्मा ४०००।- प्रति उत्पादन प्रदर्शन कार्यक्रम मार्फत खर्च गर्न सकिनेछ ।

**१.६. वाली कटानी :**

विभिन्न वालीको उत्पादन संग सम्वधित आँकडा संकलन गर्ने कार्यमा वाली अपनाई वाली उत्पादनस्तर र दर अनुमान गर्न संचालन गरिन्छ ।

यसमाप्रचलित कामदारको ज्याला, खाजा तथा अन्य क्रप कटिङ्ग कार्यमा लाग्ने औजार उपकरण खरीद सहित १ बालीको क्रप कटिङ्गलाई बढीमा १००००।- सम्म खर्च गर्न सकिने छ ।

**१.६. खाद्यान्न वाली उत्पादन प्रतियोगिता :**

कृषि प्रसारको सिद्धान्त अनुसार कृषकलाई मानसिक रुपमा प्रोत्सहान गरी उसलाई नया प्रविधि अपनाउने वातावरण दिन उप-महानगरपालिका भित्रका कृषकहरुलाई अत्याधिक उत्पादन तथा प्रतिस्पर्धा खेती गराउन यो कार्यक्रम संचालन गरिने छ । यसमामा भाग लिने कृषकहरुले खेती शुरु गर्ने बेला नै आवेदन दिई प्रतिस्पर्धामा सहभागी भएको हुनु पर्नेछ र आवेदक कृषकहरुलाई नियमित अनुगमन गरी अनुगमन र क्रपकटिङ प्रतिवेदनको आधारमा यसको लागि प्रथम कृषकलाई २५००, द्वितीयलाई २००० र तृतीयलाई १५०० का दरले प्रोत्साहन गरिनेछ ।

**१.७ ढुवानी अनुदान :**

यसमा उपलव्ध स्थानबाट कृषि शाखासम्म ढुवानी कार्यक्रम संचालन गरिने छ । यसमा प्रचलित भाडा बमोजिम शत प्रतिशत अनुदान उपलव्ध गराइने छ । र कृषि विकास शाखाबाट कृषकहरु आफैले लैजानु पर्नेछ ।

**१.८. कृषकलाई उत्पादन उपरान्त सहयोग कार्यक्रम :**

यसमा कृषकलाई उत्पादन पछि गर्न सकिने प्याकेजिङ्ग तथा ग्रेडिङ्गका लागि आवश्यक पर्ने सामग्रीहरु वितरण गरिने छ । यस्ता सामग्रीहरु ५० प्रतिशत अनुदानमा वितरण गरिने छ । साथै उक्त सामग्रीहरुको ढुवानी कार्यालयसम्म शाखाले गर्ने छ र शाखाबाट कृषक आफैले लैजानुपर्ने छ ।

**२) तरकारी तथा आलु बाली विकास कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत तरकारी तथा आलुवालीको क्षेत्र विस्तार, उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नुका साथै तरकारीमा आत्मनिर्भर बनाउन सहयोग पुग्ने खालका कार्यक्रमहरु समावेश गरिने छ ।

**२.१. निजी तरकारी नर्सरी स्थापना :**

निजीस्तरमा तरकारीको नर्सरी स्थापना गरी यस उप-महानगरपालिकामा आवश्यक पर्ने तरकारी बालीको विरुवा उपलव्ध गराउन सहयोग पुग्ने छ। यसले कृषक तथा कृषक समूह सहकारीलाई श्रोत केन्द्रको रुपमा स्थापना गर्न सहयोग पुग्नेछ।

यस कार्यक्रमा यस उप-महानगरपालिकाको आवश्यकता अनुसार प्रति वर्ष ३ वटा निजीस्तरका नर्सरी स्थापना गरिने छ। यसमा प्रति नर्सरी बीउ, विषादी, मल, नर्सरी स्थापनाका लागि आवश्यक सामग्रीहरु जस्तो बाँस, प्लाष्टिक, ज्यामीसहित ५० प्रतिशत खर्च गर्न सकिने छ।

**२.२ उन्नत किट वितरण**

कुनै स्थान विषेशमा सफलता पाएको उन्नत बीउ वितरण गरी उत्पादनमा टेवा प्रदान गरिनेछ। यसमा उन्नत बीउ खरिद गरी प्याकेट बनाई वितरण गरिने छ। यसको लागि १ वटा प्याकेटलाई ५०० सम्म बजेट खर्च गर्न सकिने छ।

**२.३. करेसाबारी तथा कौशी खेती प्रर्दशन कार्यक्रम :**

यस कार्यक्रममा तरकारी उत्पादक कृषकहरु समावेश गरिने छ। यसमा कृषकलाई विभिन्न जातका तरकारी बीउ उपलव्ध गराई पोषण सुधारमा टेवा प्रदान गरिने छ। यसका लागि विधिन्न वालीको जात तथा प्रविधिको प्रर्दशन गरिने छ । यसको लागि प्रति करेसावारी आवश्यक सामग्री स्थानीय दररेट अनुसार ७०००। रकम खर्च गर्न सकिनेछ।

**२.४. बेमौसमी तरकारी प्रर्दशन कार्यक्रम :**

बजारमा मागमा आधारित रही कृषकलाई बढी फाइदा दिनको लागि बेमौसममा तरकारी उत्दानमा सहयोग पुग्नेछ। यसको लागि कृषकलाई आवश्यक पर्ने बीउ, विषादी, मल, प्राविधिक सेवा, प्लाष्टिक सिट, प्लाष्टिक व्याग हभ्कारी, स्प्रेर आदि गरी ७०००। सम्म खर्च गर्न सकिने छ।

**२.५. तरकारी प्याकेज प्रर्दशन कार्यक्रम :**

यस कार्यक्रममा २ कट्ठा क्षेत्रफल जग्गामा उन्नत तरीका तथा साधनको प्रयोग गरेर वढी उत्पादन लिने हिसावले कृषकलाई प्रोत्साहन गरिने छ। यसमा बाली विशेष उन्नत प्रविधिको प्रर्दशन गरिने छ। यो प्रर्दशन गर्न मल, बीउ, विषादी, साईनबोर्ड  गरी जम्मा ५०००।- प्रति उत्पादन प्रर्दशन कार्यक्रममार्फत खर्च गर्न सकिनेछ।

**२.६. वीउ आलुमा ढुवानी अनुदान**

कृषकलाई आलु बालीको उत्पादनमा सहयोग गर्नका लागि बीउ आलु परल मूल्यमा ५० प्रतिशत अनुदान दिइने छ। साथै कृषकलाई कृषि शाखासम्म शत प्रतिशत ढुवानी अनुदान दिइने छ।

**२.७. आलु बालीमा बाली कटानी :**

विभिन्न बालीको उत्पादनसँग सम्वधित आँकडा संकलन गर्ने कार्यमा वाली अपनाई  वाली उत्पादनस्तर र दर अनुमान गर्न संचालन गरिन्छ। यसमा प्रचलित कामदारको ज्याला, खाजा तथा अन्य क्रप कटिङ्ग कार्यमा लाग्ने औजार उपकरण खरिद सहित १ वटा क्रप कटिङ्गलाई वढीमा १००००। सम्म  खर्च गर्न सकिने छ।

**२.८. तरकारी तथा आलु वाली उत्पादन प्रतियोगिता :**

कृषि प्रसारको सिद्धान्त अनुसार कृषकलाई मानसिक रुपमा प्रोत्सहान गरी उसलाई नया प्रविधि अपनाउने वातावरण दिन उप-महानगरपालिका भित्रका कृषकहरुलाई अत्याधिक उत्पादन तथा प्रतिस्पर्धा खेती गराउन यो कार्यक्रम संचालन गरिने छ। यसको लागि प्रथम कृषकलाई २५००, द्धितीयलाई २००० र तृतीयलाई १५००का दरले प्रोत्साहन गरिने छ। कार्य सन्चालन प्रक्रिया दफा नं. १.६ अनुसार हुनेछ।

**२.९. कृषकलाई उत्पादन उपरान्त सहयोग कार्यक्रम :**

यसमा कृषकलाई उत्पादन पछि गर्न सकिने प्याकेजिङ्ग तथा ग्रेडिङ्गका

लागि आवश्यक पर्ने सामग्रीहरु वितरण गरिने छ । यस्ता सामग्रीहरु ५० प्रतिशत अनुदानमा वितरण गरिने छ । साथै उक्त सामग्रीहरुको ढुवानी कार्यालयसम्म शाखाले गर्ने छ । र शाखावाट कृषक आफैले लैजानु पर्ने छ ।

**२.१०. बियाँबाट आलु उत्पादन प्रर्दशन :**

बियाँबाट वीउ आलु उत्पादन तथा प्रर्दशनका लागि यो कार्यक्रम संचालन गरीने छ । यसमा प्रर्दशन क्षेत्रफलमा २० वर्गमिटरमा गरिने छ । यसमा आलु बियाँ, हजारी, रासायनिक मल, विषादी, साइनवोर्ड, आदि गरी जम्मा २५००।- सम्म खर्च गर्न सकिने छ ।

**३.१ फलफूल बाली विकास कार्यक्रम**

**३.१.१ नयाँ नर्सरी स्थापना**

फलफूल खेतीलाई टेवा पुऱ्याउन फलफूलका बिरुवाहरू स्थानीय कृषकद्वारा उत्पादन गराई सहज रुपमा बिरुवा उपलब्ध गराउन सञ्चालन गरिने यो कार्यक्रम फलफूल खेतीको वाहुल्य रहेका कृषक समूहहरुमा संचालन गरिने छ ।

**आर्थिक पक्ष**

- स्थानीय दररेट अनुसार१ थान स्प्रेयरको मूल्यमा ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार ३ थान सिकेचरको मूल्यमा ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार ५ थान कलमी चक्कुको मूल्यमा ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार किटनाशक औषधि ५०० एम.एल. सम्म ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार प्लाष्टिक सिट १० के.जी.को मूल्यमा ५०

प्रतिशत अनुदान दिने ।

- स्थानीय दररेट अनुसार रोगनाशक औषधि १ के.जी. सम्म ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार २ वटा हजारीको मूल्यमा ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार ०.५ इन्चको पोलिथिन पाईप १०० मिटरसम्ममा ५० प्रतिशत अनुदान दिने ।

**३.१.२ नर्सरी सुदृढीकरण**

भइरहेका फलफूल नर्सरीहरूलाई सुदृढीकरण गराउन आवश्यक देखिएको अवस्थामा यो कार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि- जिल्लाका नर्सरीहरू के कस्ता अवस्थामा छन् अनुगमन गरी प्राविधिक टेवा पुऱ्याउँदा प्रभावकारी हुने देखिएमा यस्ता नर्सरीहरूलाई नर्मसमा तोकिएको सुविधा तथा सेवा उपलब्ध गराई सुदृढीकरण गर्नुपर्नेछ ।

**आर्थिक पक्ष**

- स्थानीय दररेट अनुसार प्लाष्टिक व्याग १० के.जी. मूल्यमा प्रति नर्सरी ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार रोगनाशक औषधि १ के.जी. मूल्यमा प्रति नर्सरी ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार किटनाशक औषधि ५०० एम.एल. मूल्यमा प्रति नर्सरी ५० प्रतिशत अनुदान दिने ।

**३.१.३ नमूना फलफूल बगैंचा स्थापना**

फलफूल खेती कृषकको अर्थोपार्जनका लागि एक आर्कषक व्यवसाय भएको र यसको लागि प्राविधिक ज्ञान सीप वढी आवश्यकता पर्ने भएकोले प्राथमिकता प्राप्त फलफूल क्षेत्रमा नमूनाको रुपमा बगैंचा स्थापना गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि-

- एउटा फलफूल उत्पादन पकेट क्षेत्रमा एउटा भन्दा वढी नमूना बगैंचा स्थापना गर्ने । १ वडामा १ वटासम्म यस्ता बगैंचाहरू सञ्चालन गर्न सकिनेछ ।
- वहुसंख्यक कृषकहरूले हेर्न र सिक्न सक्ने गरी प्रदर्शन स्थल एवं कृषक छनौट गर्नुपर्दछ ।
- कृषकहरूको सक्रिय सहभागितामा मात्र नर्मसमा उल्लेख भए अनुसार सुविधाहरू उपलब्ध गराउनुपर्नेछ ।

**आर्थिक पक्ष**

- आवश्यक बोट बिरुवाको मूल्यमा ५० प्रतिशत अनुदान ।
- स्थानीय दररेट अनुसार स्प्रेयर १ थानको मूल्यमा ५० प्रतिशत अनुदान ।
- स्थानीय दररेट अनुसार २ वटा सिकेचरको मूल्यमा ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार १ वटा प्रुनिङ सको मूल्यमा ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार ०.५ इन्चको पोलिथिन पाईप १०० मिटरसम्ममा ५० प्रतिशत अनुदान ।
- स्थानीय दररेट अनुसार रोगनाशक औषधि १ के.जी. मूल्यमा प्रति नर्सरी ५० प्रतिशत अनुदान दिने ।
- स्थानीय दररेट अनुसार किटनाशक औषधि ५०० एम.एल. मूल्यमा प्रति नर्सरी ५० प्रतिशत अनुदान दिने ।

**३.१.४ नमूना बगैंचा व्यवस्थापन अनुशरण**

स्थापना गरिएका नमूना फलफूल बगैंचाहरूले उत्पादन नदिएसम्म अर्थात फलफूलहरूको किसिम हेरी २-६ वर्षसम्म अनुशरण गरिन्छ ।

कार्यविधि- अनुशरणको क्रममा प्रतित भएका समस्याहरूको निराकरण गर्न आवश्यक पर्ने रासायनिक मल, रोग/कीरानाशक विषादी, निलोतुथो, चुन, आदिको लागि नर्मसमा उल्लेख भए अनुसारको सहयोग उपलब्ध गराउनुपर्दछ ।

**आर्थिक पक्ष**

नमूना बगैंचाहरुमा उत्पादन नदिएसम्म- २-६ वर्षसम्म रासायनिक मल, रोग, कीरानाशक विषादी, निलोतुथो, चुना आदि समेतमा वढीमा वार्षिक रु. ५०००।- सम्म खर्च गर्न सकिनेछ ।

**३.१.५ व्यावसायिक बगैंचा स्थापना**

विभिन्न भौगोलिक क्षेत्र अनुसार प्राथमिकता पाएका फलफूलहरू (लिची, आँप, भुईकटहर, केरा आदि) व्यावसायिक तवरले उत्पादन गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि- फलफूल बोट बिरुवाको काँटछाँट गर्न सिकेचर, करौती, प्रुनिङ्ग गर्ने चक्कु, स्प्रेयर जस्ता उपकरणहरू उपलब्ध गराउन सकिनेछ ।

**आर्थिक पक्ष**

- आँप, केरा, भुइँकटहर, नास्पाति, आदिबोट बिरुवाको मूल्यमा ५० प्रतिशत अनुदान ।
- स्थानीय दररेट अनुसार सिकेचर र करौंतीको मूल्यमा ५० प्रतिशत अनुदान र स्प्रेयरमा ५० प्रतिशत अनुदान ।
- एक हेक्टर क्षेत्रमा बगैंचा स्थापना गर्ने व्यक्ति या समूहलाई स्प्रेयर १, सिकेचर ५, प्रुनिङ्ग स (करौंती) ५ वटासम्मको मूल्यमा अनुदान दिने र १.० हे. भन्दा कम क्षेत्रफलमा बगैंचा स्थापना गर्दा प्रत्येक ७ कट्ठाको लागि एक थान सिकेचर र एक थान करौंतीको लागि ५० प्रतिशत अनुदान दिने ।

- मेवा खेतीको व्यावसायिक बगैंचा स्थापना गर्दा प्रति हेक्टरको लागि मेवाको बीउ ४०० ग्राम र प्लाष्टिक सिट ४ कि.ग्रा. को मूल्यमा ५० प्रतिशत अनुदान दिने ।
- आँपको लागि १५ का, मेवा, भुईंकटहर, केरा र कफीको लागि ६ का क्षेत्रफल निर्धारण गरिएको छ ।

**३.१.६ व्यावसायिक बगैंचा व्यवस्थापन**

व्यावसायिक स्तरमा स्थापना भएका बगैंचाहरूको व्यवस्थापन गर्न आवश्यक प्राविधिक सेवा टेवा पुऱ्याउन कार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि-

- व्यावसायिकस्तरमा स्थापना भएका बगैंचाहरूले उत्पादन दिएसम्म- २-६ वर्ष पर्न आउने विभिन्न समस्या सुल्झाउन सघाउ पुऱ्याउनुपर्दछ ।
- प्रथम वर्षमा रासायनिक मल, रोग कीरानाशक विषादी, निलोतुथो, चुन आदिको लागि अनुसार प्राविधिक सहयोग उपलब्ध गराई आउँदा वर्षहरूमा यस्तो सहयोग घटाउँदै लैजानुपर्नेछ ।
- क्रमशः चौथो वर्षसम्म उपरोक्त सहयोग पुऱ्याएपछि पाँचौ वर्षमा कृषकले नै बगैंचा व्यवस्थापन रेखदेख गर्नुपर्नेछ । नमूना बगैंचा व्यवस्थापनको सरह नै खर्च गर्न सकिनेछ ।

**३.१.७ बगैंचा समस्या निदान प्रदर्शन/अभियान**

महामारीको रुपमा फैलिन लागेको रोग कीरा सम्बन्धी समस्या निदान गर्न फलफूल उत्पादन पकेट क्षेत्रहरूमा सम्बन्धित फलफूल विकास निकायहरूको संयोजकत्वमा यो अभियान सञ्चालन गरिन्छ ।

कार्यविधि- रोग कीरा नियन्त्रण गर्न आवश्यक सामग्री/उपकरण आदि नर्मसमा उल्लेख गरिए अनुसारउपलब्ध गर्ने व्यवस्था मिलाई आवश्यक देखिएमा समस्या निदान प्रदर्शन अभियानको रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

महामारीको रुपमा फैलिन लागेका रोग, कीरा आदि नियन्त्रण कार्यको लागि विषादी प्रयोगमा आकस्मिक सेवा वापत रु. १००००।- सम्म खर्च गर्न सकिनेछ ।

**३.१.८ बिरुवा प्याकेजिङ्ग चार्ज**

फलफूलका बोट बिरुवाहरू श्रोत केन्द्रबाट लगी कृषकहरूलाई वितरण गर्ने गरी ढुवानी गर्न उचित प्याकेजिङ्ग गर्न लाग्ने आवश्यक चार्जको व्यवस्था मिलाउने प्रावधान रहेको छ ।

कार्यविधि- ढुवानी गर्नुभन्दा अगाडि बोट बिरुवाको प्रकृति हेरी नर्मसमा कायम गरिए अनुसार प्याकेजिङ्ग चार्ज अनुदान स्वरुप उपलब्ध गराउन सकिनेछ ।

- १५ प्रतिशत अनुदान प्राप्त फलफूलको बिरुवाहरु- एभोकाडो, लिची, सपाटो, अम्बा, अमला, आंप (अन्यजात), आँप (अम्रपाली, मलिका) ।
- ५ प्रतिशत अनुदान प्राप्त फलफूलको कलमी बिरुवाहरु- केरा-सकर्स, भूईंकटहर (जरावाल), भूईंकटहर (सकर्स, स्ट्रबेरी (रनर), किवी (कटिङ्ग) ।
- १० प्रतिशत अनुदान प्राप्त फलफूलको विजुबिरुवा तथा रुटस्टक बिरुवाहरु- रुख कटहर, कागती
- २० प्रतिशत अनुदान प्राप्त फलफूलको सायन स्टक बिरुवाहरु- कागति, आँप र अन्य फलफूलहरु ।

**३.१.९ सामग्री ढुवानी**

कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू श्रोत स्थलबाट सम्बन्धित केन्द्रसम्म ढुवानी गराइन्छ । कार्यक्रममा तोकिएको ढुवानी रकम वाहेक अन्य स्वीकृत लक्ष्य अनुसार तोकिएको सामग्री ओसार पसार गर्दा निर्दिष्ट श्रोतबाट सम्बन्धित उत्पादन स्थलसम्म प्रचलित नियम अनुसार ढुवानी अनुदान दिन सकिनेछ ।

### ३.१.१० बिरुवा मोर्टालिटी

फलफूलको बोट बिरुवाहरू श्रोत केन्द्रबाट कृषकको बगैंचामा पुऱ्याउँदा पुऱ्याउँदै मर्न सक्ने हुँदा सो अवस्था हेरी अनुदान दिइन्छ ।

- भुइकटहरमा ५ प्रतिशत ।
- रुख कटहर, अम्वा, कागती, र मेवामा १० प्रतिशत
- आंप, लिचीमा १५ प्रतिशत
- अन्य फलफूलमा ५ प्रतिशत

### ३.१.११ नर्सरी प्रतियोगिता

स्थानीयस्तर मै फलफूलका बोट बिरुवा उत्पादनतर्फ लागेका कृषकहरू वीच प्रतियोगिता गराइन्छ ।

कार्यविधि- प्रतियोगिताको लागि न्यूनतम् नर्सरी संख्या तथा उत्पादन क्षमताः नर्सरी प्रतियोगिताको लागि जिल्लामा कम्तिमा ५ वटा नर्सरीहरूले भाग लिएको हुनुपर्दछ र भाग लिने प्रत्येक नर्सरीले कलमी बिरुवाको हकमा कम्तिमा १००० र बीजु बिरुवाको हकमा २००० उत्पादन गरेको हुनुपर्दछ ।

नर्सरी किसिम : यस्ता प्रतियोगिताहरू आँप, लिची, केरा, भुईंकटहर, रुखकटहर, नरिवल, सुपारी, अमला, अम्बा र मेवा जस्ता फलफूलबालीहरू बीचमा छुट्टाछुट्टै सम्पादन गर्नुपर्नेछ ।

आवेदन दिनुपर्ने समय : नर्सरी धनीहरूबाट तोकिएको समयमा आवेदन लिई त्यसको मूल्यांकन गरी एक महिनाभित्र स्वीकृतिसहित नतिजा प्रकाशन गर्नुपर्नेछ ।

### आर्थिक पक्ष

- पुरस्कार
- प्रथम ५०००।-
- द्वितीय ३०००।-

- तृतीय २०००।-
- सान्त्वना १५००।-
- प्रतियोगितामा राखिएको व्यवस्थापन खर्च वापत रु. १०,०००।- नै सबै प्रतियोगिताको लागि एकमुष्ठ हुनेछ ।

### ३.१.१२ फलफूल बगैंचा प्रतियोगिता

फलफूल उत्पादन क्षेत्रहरूमा बगैंचा व्यवस्थापन पक्ष र उत्पादकत्वमा प्रतिस्पर्धा गराउन योकार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि- यो प्रतियोगितामा कम्तिमा १० जना कृषकहरूले भाग लिएको हुनुपर्नेछ । बगैंचाको किसिम यस्ता प्रतियोगिताहरू आँप, लिची, केरा, भुईंकटहर, रुखकटहर, नरिवल, सुपारी, अमला, अम्वा र मेवा) जस्ता फलफूल बालीहरू बीच छुट्टाछुट्टै सम्पादन गर्नुपर्नेछ । प्रतियोगिताको लागि भूईंकटहर वाहेक अन्य फलफूलमा कम्तिमा ५० बोट लगाएको बगैंचा हुनुपर्दछ भने भूईंकटहर कम्तिमा ०.०५ हे. क्षेत्रमा लगाएको हुनुपर्दछ ।

**आर्थिक पक्ष**

- पुरस्कार
- प्रथम ५०००।-
- द्वितीय ३०००।-
- तृतीय २०००।-
- सान्त्वना १५००।-
- प्रतियोगितामा राखिएको व्यवस्थापन खर्च वापत रु. १०,०००।- नै सबै प्रतियोगिताको लागि एकमुष्ठ हुनेछ ।

## ४. मौरी विकास कार्यक्रम :

### ४.१. मौरी गोला उपहार कार्यक्रम

कार्यविधि:

- मौरी चरनको लागि उपयुक्त भई सम्भाबित कार्य क्षेत्रहरुको छनोटको

लागि गा.वि.स./समूहको मागको आधारमा स्थलगत निरीक्षण गरी अन्तरक्रिया सञ्चालन गर्ने ।

- कृषि शाखाको प्राविधिक टोलीले स्थलगत निरीक्षण र मौरी पालन क्षेत्रको उपयुक्त सम्भावना क्षेत्रको आधारमा स्थानीय निकायसँग छलफल गर्ने ।
- कृषक समूहको माग, सक्रियता, सम्भाव्यता को आधारमा कार्य क्षेत्र छनोट गर्ने ।

**आर्थिक पक्ष**

कृषकलाई मौरी पालनमा आवश्यक पर्ने सम्पूर्ण सामाग्री तथा औजार उपकरण प्रचलित मूल्यको ८० प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ ।

**४.२ प्रदर्शन**

मौरी उपजहरूको उत्पादनमा बृद्धि ल्याई क्रमश व्यावसायिक रुपमा शुरुआत गर्न यो कार्यक्रमसञ्चालन गरिन्छ ।

विद्यमान फलफूल बगैंचा, तरकारी बीउ उत्पादन क्षेत्र, तेलहन बाली एवं अन्य वन जंगल मौरी श्रोत साधनको उपलब्धताको आधारमा मौरी पकेट क्षेत्रको छनौट गर्नुपर्नेछ । तराईका जिल्लाहरूमा एपिस मेलिफेरा जातको मौरीपालन उपयुक्त हुने हुँदा सोही अनुसार पकेट क्षेत्रहरूमा प्रविधि प्रदर्शन गर्न यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । पकेट क्षेत्रका कृषक समूहमा कुनै क्षेत्रभित्र १ गोला भन्दा वढी प्रदर्शनको लागि नराख्ने गरी सम्बन्धित जिल्लाको प्राविधिकको उपस्थितिमा यसबाट सबै कृषकहरूले यस कार्यालयको जानकारी लिन सक्ने गरी सञ्चालन गर्नुपर्नेछ । प्रदर्शनको हरेक पक्षमा उपलब्ध प्रविधि क्रमशः अपनाउँदै गई कृषकहरूले उक्त प्रविधिवारे अनुशरण गर्न थालेपछि अन्य नयाँ क्षेत्रहरूमा सो प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।

**आर्थिक पक्ष**

मौरी पालनको लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरु स्थानीय दररेट

अनुसार परल मूल्यमा ५० प्रतिशत अनुदान उपलव्ध गराइने छ ।

**आधार चाका प्रदर्शन**

प्रति प्रदर्शन यो कार्यक्रम सञ्चालन गर्नको लागि रु. ४०००।-

**४.३. रानु, घार तथा मौरीपालन उपकरण वितरण**

स्थानीयस्तर मै मौरी श्रोत केन्द्र स्थापना गर्न र उक्त श्रोत केन्द्रबाट स्थानीय तवरमा सेवा टेवा पुऱ्याउन श्रोत केन्द्रको रुपमा विकसित भएका कृषक समूहलाई आधुनिक मौरीपालन उपकरण वितरण गरिन्छ ।

कार्यविधि-

- मौरी पकेट क्षेत्र पहिचान गरी मौरीपालक कृषक समूहहरूलाई मौरीपालन गर्नको लागि चाहिने उपकरणहरू अनुदानमा उपलव्ध गराउने व्यवस्था मिलाउनुपर्नेछ ।
- कृषकको माग अनुसार १ सेटमा मौरी गोला, घार, टोपी, हाइभ टुल, स्टैण्ड, स्मोकर, आधारचाका आदि भएको सेट वा छुट्टाछुट्टै वितरण गर्न सकिनेछ । तर महदानी, मैन, प्रेस मेसिन जस्ता वढी मूल्य जाने सामग्रीहरू व्यावसायिक रुपमा मौरीपालन गरिरहेका कृषक वा कृषक समूहलाई मात्र वितरण गर्नुपर्नेछ ।
- वितरण गरिएका कृषकहरूको रेकर्ड राखी यस्तो उपकरण क्रमशः नयाँ पकेट क्षेत्रका कृषकहरुलाई समावेश गर्ने ।

**आर्थिक पक्ष**

मौरी घारको मूल्यमा ५० प्रतिशत, मौरी गोला र रानु वितरण लगायत मौरी पालनका लागि आवश्यक पर्ने विभिन्न उपकरणहरु जस्तैः महदानी, घुम्टी, पेफा, रानुढोका, आधार चाका, क्वीन एक्सक्लुडर, धुँवादानी, फ्रेम फीडर, हाइव टुल्स, कचौरा सहित घार स्ट्याण्ड आदिमा ५० प्रतिशत अनुदान दिने ।

**४.४ मौरी चरण कार्यक्रम**

मौरी पालकहरूलाई मौरी चरणमा उपयुक्त बोट बिरुवाहरूको जानकारी गराउनुको साथै बाली पद्धतिमा समेत सुधार ल्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि-

- पकेट क्षेत्रका कृषक वा कृषक समूहमा मौरी गोलाहरू वितरण गरिएको क्षेत्रमा नै मौरी चरनको लागि बोट बिरुवा वितरण गर्नुपर्नेछ ।
- यस्तो बोट बिरुवा वितरण गर्दा सम्बन्धित बाली विकास कार्यक्रमसँग समन्वय राखी सुन्तला वा अमिलो जातका फलफूलहरू, लिची, नासपाती, आरु, आरुवखडा, नरिवल, तोरी, फापर, क्लोभर, सिंम आदि उपलब्ध गराउन सकिनेछ ।

**आर्थिक पक्ष**

मौरी चरन विकास गर्नका लागि आवश्यक पर्ने मल वीउ तथा बिरुवा मूल्यमा ५० प्रतिशत अनुदान दिन सकिनेछ ।

**४.५. मौरी गोला स्थानान्तरण**

मौरी श्रोत केन्द्र विकास भैसकेको जिल्लाहरूमा मौरीपालक कृषक समूहको गोला प्राकृतिक वनसम्पदा तथा फलफूल उत्पादन कार्यक्रम सञ्चालन भएको पकेट क्षेत्रमा स्थानान्तरणको लागि यो कार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि-

- कृषि विकास शाखा र जिल्लाका स्थानिय निकायको संयुक्त समन्वयमा मौरी श्रोत केन्द्र विकास भै सकेको क्षेत्रहरूमा पहिलो ५ वर्षसम्म मौरीपालक समूहको गोला स्थानान्तरणमा कम्तिमा ५० गोलाको २ पटक मात्र ढुवानी सहयोग पुऱ्याउनु पर्नेछ । सकेसम्म फलफूल, तेलहन र उपयुक्त वन क्षेत्रहरूमा मौरी गोला स्थानान्तरण गर्न प्रोत्साहन गर्नुपर्दछ ।

**आर्थिक पक्ष**

पहिलो ५ वर्षसम्म मौरीपालक समूहको गोला स्थानान्तरणमा कम्तिमा ५० गोला चराउन लग्दा प्रति गोला रु. ५००।- का दरले वर्षमा २ पटक मात्र ढुवानी अनुदान दिने । तर शुरु भएको पहिलो वर्षमा नयाँ श्रोत केन्द्र समुह, सहकारी तथा कृषि फर्महरुलाई पहिलो वर्ष कम्तिमा २५ गोला प्रति गोला रु. ५००।- का दरले वर्षको २ पटक ढुवानी अनुदान दिने ।

**५.च्याउ उत्पादन :**

**५.१. च्याउ उत्पादन प्रदर्शन (कन्ये तथा गोब्रे च्याउ)**

कन्ये तथा गोब्रे च्याउ उत्पादन गर्ने प्रविधि कृषकहरु समक्ष पुऱ्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि-

कन्ये च्याउ- यो प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरु पराल, प्लाष्टिक, च्याउको बीउ आदिव्यवस्था मिलाई कृषक समूह गठन भएको पकेट क्षेत्रमा प्रति कृषक समूह एउटा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।

गोब्रे च्याउ- यसको लागि अति आवश्यक पर्ने सामग्रीहरु पराल, एमोनियम सल्फेट, कृषि चुन, युरीया, डि.ए.पी. तथा च्याउको बीउ र विषादी औषधिहरुको व्यवस्था मिलाई कृषक समूह गठन भएको पकेटमा प्रति समूह एउटा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।

**आर्थिक पक्ष**

कन्ये च्याउ- प्रति प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरु पराल, प्लाष्टिक, च्याउको बीउ आदिमा शत प्रतिशत अनुदान दिने । यसको लागि वढीमा रु. १००००।- सम्म खर्च गर्न सकिने । अन्य आवश्यक सामग्रीहरु जस्तै इन्धन, श्रम आदि कृषकले नै व्यहोर्ने ।

गोब्रे च्याउ- सञ्चालन गरिने प्रति प्रदर्शन (६० वर्ग फिट) आवश्यक सामग्रीहरु पराल, एमोनियमसल्फेट, यूरिया, डि.ए.पी., कृषि चुन, च्याउको

बीउ, विषादी औषधि आदिमा शत प्रतिशत अनुदानमा सञ्चालन गरने र यसको निमित्त प्रति प्रदर्शन रु. १२५००।- सम्म खर्च गरी सञ्चालन गर्ने । अन्य आवश्यक सामग्रीहरु कृषक आफैले व्यहोर्ने ।

**५.२. च्याउ बीउ वितरण**

उन्नत बीउ किट जस्तै गरी च्याउ खेतीमा अभिरुचि राख्ने कृषकहरुलाई च्याउको बीउ वितरण गरिन्छ ।

कार्यविधि-

च्याउ उत्पादन समूह वा च्याउ उत्पादन पकेट क्षेत्रका कृषकहरुलाई प्रति कृषक १० प्याकेट नवढाई अनुसार बीउ उपलब्ध गराउनुपर्नेछ ।

**आर्थिक पक्ष**

कृषक समूह गठन भएको वा च्याउ उत्पादन पकेट क्षेत्रका कृषकहरुको मागमा आधारित रहेर च्याउको बीउको मूल्यमा ५० प्रतिशत र कृषि विकास शाखासम्म ढुवानी अनुदान दिन सकिनेछ ।

**६. विविध :**

**६.१ तालिम कार्यक्रम :**

यस कार्यक्रम अन्तरगत कृषकलाई विभिन्न विषय वस्तुमा दक्ष वनाउन विभिन्न स्तरको तालिम कार्यक्रम आयोजना गरिने छ ।

**६.१.१. फिल्डस्तरीय कृषक तालिम :**

यसमा उत्पादन क्षेत्र विषेश वालीमा १ दिने फिल्डस्तरीय तालिम आयोजना पर्दछ, यस तालिम कम्तिमा २० र वढीमा ३५ जना कृषकहरु सहभागी हुने छन । यस कार्यक्रमको लागि सहभागीलाई खाजा, स्टेशनरी, तालिम प्रशिक्षक भत्ता, तालिम हल भाडा तथा अन्य मसलन्द खर्च गरी खर्च गर्न सकिने छ ।

- खाजा प्रति व्यक्ति : रु २००।- प्रति दिन
- स्टेशनरी प्रति व्यक्ति : रु १००।-

- प्रशिक्षण भत्ताप्रति कक्षा : रु १६००।-
- हल भाडा  : रु १५००।-
- तालिम सामग्री खरिद (कच्चा पदार्थ, इन्धन, पोका मार्कर, पेपर साना औजार आदि खरीद  गर्दा प्रचलित वजार मूल्य अनुसार ।
- संयोजक भत्ता : १०००।-
- सहयोगि भत्ता : ५००।-
- बस्तुगत टेवा : ३०००।-
- विविध-प्रमाणपत्र, सरसफाई, व्यानर इत्यादि) : रु ५०००।-
- प्रतिबेदकको पारिश्रमिक : रु १०००।-

६.१.२. **उप-महानगरपालिकास्तरीय कृषक तालिम :**

यसमा उपमहानगरपालिकाका व्यवसायिक कृषकहरु समाबेश हुनेछन् । यस तालिम कार्यक्रमको अवधि २ दिनभन्दा माथिको हुने छ र जम्मा २५ देखि ३० जनासम्म सहभागीहरुलाई सहभागी गराउन सकिनेछ। यस कार्यक्रमको लागि सहभागीलाई खाजा, स्टेशनरी, तालिम प्रशिक्षक भत्ता, तालिम हल भाडा तथा अन्य मसलन्द खर्च गरी खर्च गर्न सकिने छ।

- खाजा प्रति व्यक्ति : रु २००।- प्रति दिन
- स्टेशनरी प्रति व्यक्ति : रु १५०।-
- प्रशिक्षण वापत प्रति कक्षा  : रु १६००।-
- हल भाडा  : रु १५००।- प्रति दिन
- तालिम सामग्री खरीद- कच्चा पदार्थ, इन्धन, पोका मार्कर, पेपर साना औजार आदि खरीद  गर्दा प्रचलित वजार मूल्य अनुसार ।
- संयोजक भत्ता : १०००।- प्रति दिन
- सहयोगि भत्ता : ५००।- प्रति दिन
- बस्तुगत टेवा : ३०००।-
- विविध-प्रमाणपत्र, सरसफाई, व्यानर इत्यादी) : रु ५०००।-

- प्रतिबेदकको पारिश्रमिक : रु १५००।-
- सहभागीलाई दैनिक भत्ता : रु ५००।- प्रति दिन

**६.१.३. प्रदेशस्तर कृषक तालिम :**

प्रदेशस्तरीय तालिम जिल्लास्तरीय तालिम भन्दा लामो अवधि-५ (४५ दिन) सम्म सञ्चालन हुने तथा विषय विशेष तालिमका लागि सम्बन्धित कृषि तालिम केन्द्रमा सञ्चालन हुने क्षेत्रीयस्तर कृषक तालिममा सहभागी पठाउने कार्यक्रम तर्जुमा गरी सोही अनुरुप पठाउने व्यवस्था मिलाउनु पर्दछ । सहभागी पठाउदा कृषकलाई दैनिक भ्रमण भत्ता उपलव्ध गराईने छ ।

**६.२. गोष्ठी कार्यक्रम :**

**६.२.१.उपमहानगर स्तरीय कार्यक्रम तर्जुमा गोष्ठी :**

यसमा उपमाहानगरपालिका भित्रका कृषकहरु समावेश हुनेछन् । यस गोष्ठी कार्यक्रम कृषक सहभागितामा समस्या पहिचान गरी प्राप्त प्राथमकिताका आधारमा निर्क्यौल गरिएका बिभिन्न क्षेत्रका कार्यक्रमलाई आयोजनागत रुपमा विचार विर्मश गर्न संचालन गरिन्छ । यो कार्यक्रम जम्मा १ दिनको हुने छ र जम्मा २५ देखि ३० जनासम्म सहभागिताहरुलाई सहभागी गराउन सकिन्छ । यस कार्यक्रमको लागि सहभागीलाई खाजा, मसलन्द, तालिम प्रशिक्षक भत्तामा खर्च गर्न सकिने छ ।

**कार्यक्रमको आर्थिक पक्ष खर्च मापदण्ड :**

- खाजा प्रति ब्यक्ति रु : २००।- प्रतिदिन
- मसलन्द (शैक्षिक सामग्री) रु : १००।-
- प्रवचन वापत कक्षा  : रु १६००।-
- संयोजक भत्ता : १०००।-
- सहयोगि भत्ता : ५००।-
- विविध : (प्रमाण पत्र, पानी, सरसफाई, तुल आदि) रु : ५०००

- प्रतिवेदकको पारिश्रमिक : रु १५०० ।-
- सहभागीलाई भत्ता : ५००।-

**६.२.२ कृषक समस्या पहिचान तथा समस्या समाधान गोष्ठी (PCPS)**

कृषकका समस्याहरू पहिचान गरी ती समस्याहरू समाधान गर्ने गरी कृषि विकास कार्यक्रम तर्जुमा गर्न सके त्यस्ता कार्यक्रमहरू साच्चै नै प्रभावकारी हुन्छन् । कृषकहरूको निकटतम सहभागितामा समस्या पहिचान गर्ने विभिन्न तरीकाहरू जस्तै PRA, RRA, PCPS, FNA प्रचलनमा आएका छन् । यस्ता विधिहरू मध्ये कृषक समस्या पहिचान र समाधान विधि प्रयोग गर्न सरल देखिएकोले कृषि विकास कार्यक्रममा यो विधि प्रयोग गरी कृषक सहभागितामा समस्या पहिचान र समाधानको लागि कार्यक्रम तर्जुमा गर्ने गरिन्छ । सहभागि कृषकहरु ३० देखि ३५ सम्म ।

**कार्यक्रमको आर्थिक पक्ष खर्च मापदण्ड :**

- खाजा प्रति ब्यक्ती रु : २००।-
- मसलन्द (शैक्षिक सामग्री) रु : १००।-
- प्रवचन वापत कक्षा : रु १६००।-
- संयोजक भत्ता : १०००।-
- सहयोगि भत्ता : ५००।-
- विविध : (प्रमाण पत्र, पानी, सरसफाई, व्यानर आदि) रु : ५०००।-
- प्रतिवेदकको पारिश्रमिक : रु १५०० ।-
- सहभागीहरुलाई दैनिक भत्ता रु ५००।- उपलव्ध गराइने छ ।

**६.३. कृषक भ्रमण**

**६.३.१. जिल्लास्तरिय कृषक भ्रमण/कृषक समूह भ्रमण**

कृषकको खेत/फार्म/केन्द्र अवलोकन गराइने छ । यस कार्यक्रमले कृषकको मनोवल उच्च हनुका साथै उत्पादनमा टेवा प्रदान गर्ने छ । अवधि १ दिनर सहभागी २०-२५ जनासम्म सहभागी गराउन सकिनेछ ।

**कार्यक्रमको आर्थिक पक्ष खर्च मापदण्ड**

- बस रिजर्भेशन भाडा तथा व्यवस्थापन वजारमा चलेको भाउ अनुसार
- चियापान : २००।- प्रति दिन प्रति व्यक्ति
- शैक्षिक सामग्री रु १००।- प्रति ब्यक्ति
- व्यवस्थापन खर्च ५०००।-
- सहभागीहरुलाई दैनिक भत्ता रु ५००।- उपलब्ध गराइने छ ।

**६.३.२ अन्तर जिल्लाकृषक भ्रमण**

यस कार्यक्रममा कृषकहरुलाई उत्कृष्ट कृषक समूह तथा नमूना फार्मको अवलोकन गराइने छ । यस कार्यक्रमले कृषकको मनोवल उच्च हनुका साथै उत्पादनमा टेवा प्रदान गर्नेछ । अवधि ७ दिन र सहभागी ३०-४० जनासम्म सहभागी गराउन सकिने छ ।

- बस रिजर्भेशन भाडा तथा व्यवस्थापन वजारमा चलेको भाउ अनुसार
- चियापान : २००।- प्रति दिन प्रति व्यक्ति
- शैक्षिक सामग्री रु १५०।- प्रति ब्यक्ति
- व्यवस्थापन खर्च ५०००।- प्रति दिन

कृषक तालिम, भ्रमण, गोष्ठी आदिमा कृषकहरुलाई सहभागी गराउँदाको कृषक भत्ता, कृषकहरुलाई सरकारी कामकाजको दौरानमा भ्रमण गर्दा चतुर्थ तहले पाउने सरह दैनिक भ्रमण भत्ता प्रदान गर्ने ।

**६.३. कृषि विकास समितिको वैठक संचालन**

यस कार्यक्रम अनर्तगत कृषि विकास शाखाको काम काजमा सहज हुने गरी १ वटा कृषि विकास समिति गठन गरिने छ । यस समितिको संयोजक नगर कार्यपालिकाले तोकेको व्यक्ति हुने छ । यस समितिमा जम्मा ५ सदस्य रहनेछन् । कृषि शाखा प्रमुख सदस्य सचिव रहने व्यवस्था गरिने छ । वढीमा १० जना लाई आमन्त्रितको रुपमा सहभागी गराउन सकिने छ । कृषि विकास समितिको वैठक प्रत्येक महिनामा संचालन गरिने छ ।

यस वैठकको लागि नियम अनुसार खाजा खर्च र बैठक भत्ता उपलब्ध गराइने छ ।

**६.४. साझेदारी कार्यक्रम :**

विभिन्न दातृ निकायबाट संचालन गरिने कृषि विकासका कार्यक्रमहरुमा यस शाखा पनि सहभागी हुन सक्नेछ । यस कार्यक्रम संचालनको लागि आवश्यकता अनुसार एउटा साझेदारी कार्यक्रममा जम्मा २० प्रतिशतको दरले सहयोग गर्न सकिने छ

**६.५. कृषक समूह तथा सहकारी गठन तथा परिचालन :**

कृषि विकास शाखाले आफ्नो हरेक कार्यक्रमहरु सम्भव भएसम्म समूह, सहकारीमार्फत संचालन गरिने छ । यसको लागि कृषक समूह/सहकारी गठन तथा परिचालनमा विषेश जोड दिइने छ । समूह/सहकारी गठन तथा परिचालनको लागि विभिन्न स्टेशनरी सामग्री खरिद, खाजा तथा अन्य समूह/सहकारी परिचालनका लागि आवश्यक सामग्री खरीदको लागि रु १००००।- सम्म खर्च गर्न सकिने छ ।

**६.६. बिभिन्न पुरस्कार निर्धारण समिति :**

कृषि विकास शाखाबाट संचालन गरिने बिभिन्न प्रतियोगिताको पुरस्कार निर्धारण गर्नको लागि आर्थिक बिकास महाशाखा प्रमुखको संयोजकत्वमा २ बिषय विशेषज्ञ सहितको ३ जनाको एउटा पुरस्कार निर्धारण समिति गठन हुनेछ । उक्त समितिले अनुगमन निरीक्षण गरी पुरस्कारको घोषणा गर्ने छ । यस कार्यक्रम सम्पन्न गरेवापत आर्थिक नियम अनुसार सुविधा उपलब्ध गराइने छ ।

**६.७. अनुगमन निरिक्षण कार्यक्रम**

कृषि विकास शाखावाट संचालन गरिएको कार्यक्रमको प्रभावकारिताको लागि कृषि विकास समिति तथा कृषि विकास शाखाका कर्मचारी लगायत अन्य सरोकारवाला निकायबाट अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिने

छ । अनुगमन तथा निरीक्षण गरेवापत पदाधिकारी तथा कर्मचारीहरुलाई आर्थिक नियम अनुसार सुविधा उपलव्ध गराइने छ। स्थानीय दररेट अनुसार गाडीको व्यवस्था गरिने छ ।

**७. दिवस :**

**७.१.विश्व खाद्य दिवस**

- निवन्ध प्रतियोगितामा विजयी विद्यार्थीहरुलाई नगद तथा शैक्षिक सामग्री पुरस्कार प्रदान गर्न :
- प्रथम : रु. २५००।-
- द्वितीय : रु. २०००।-
- तृतीय : रु. १५००।-
- सान्त्वना : रु. १०००।-
- निबन्ध प्रतियोगिता छनोट समितिका चार सदस्य प्रत्येकलाई रु. १६००।- का दरले दिइने पारिश्रमिक : रु. ६४००।-
- निवन्ध प्रतियोगिता आयोजनाको लागि स्टेशनरी र चिया नास्ता खर्च रु १००००। समारोह आयोजना खर्च : रु. ३००००।-
- विश्व खाद्य दिवस सम्बन्धी व्यानर/प्लेकार्ड सहित कृषक समूह/सहकारीहरुको झांकीले नगर परिक्रमा गर्न व्यवस्थापन खर्च : रु. ५,०००।-
- विश्व खाद्य दिवसको नारा सहितको जानकारीमूलक व्यानर तयार गरी बढी भन्दा बढी नागरिकले देख्ने ठाउँमा टाग्न : व्यानर (४ वटा) तयारी खर्च : रु. ४,०००।-
- उत्कृष्ठ कृषक/व्यवसायी/उद्यमी/समूह/सहकारी/बजार समिति/उद्योग/व्यावसायिक फर्म तथा सेवा प्रदायकलाई पुरस्कार वितरण गर्न :
- प्रथम : रु. १०,०००।-

- द्वितीय : रु. ८,०००।-
- तृतीय : रु. ६,०००।-
- सान्त्वना : रु. ४,०००।-

विश्व खाद्य दिवस समितिले स्वीकृत गरेको कार्यविधि बमोजिमका अन्य कृयाकलापहरुमा गर्नु पर्ने खर्चको हकमा प्रचलित नियमानुसार गर्ने ।

**७.२. विश्व वातावरण दिवस**

- निवन्ध प्रतियोगितामा विजयी विद्यार्थीहरुलाई नगद तथा शैक्षिक सामग्री पुरस्कार प्रदान गर्न :
- प्रथम : रु. १,०००।-
- द्वितीय : रु. ८००।-
- तृतीय : रु. ७००।-
- सान्त्वना : रु. ५००।-
- निबन्ध प्रतियोगिता छनोट समितिका चार सदस्य प्रत्येकलाई रु. १०००।- का दरले दिइने पारिश्रमिक : रु. ४,०००।-
- समारोह आयोजना खर्च : रु. ५०००।-
- विश्व वातावराण दिवस सम्बन्धी व्यानर/प्लेकार्ड सहित कृषक समूह/सहकारीहरुको झांकीले नगर परिक्रमा गर्न व्यवस्थापन खर्च : रु. ५,०००।-
- विश्व वातावरण दिवसको नारा सहितको जानकारीमूलक व्यानर तयार गरि बढी भन्दा बढी नागरिकले देख्ने ठाउँमा टाग्न : व्यानर (४ वटा) तयारी खर्च : रु. ४,०००।-

विश्व वातावरण दिवस समितिले स्वीकृत गरेको कार्यविधि बमोजिमका अन्य कृयाकलापहरुमा गर्नुपर्ने खर्चको हकमा प्रचलित नियमानुसार गर्ने ।

**७.३ उपमहानगर स्तरीय कृषक दिवस** (धान)

अवधि १ दिन र सहभागी संख्या १००-१५० जनासम्म हुन सक्नेछन् ।

- चियापान : २००। प्रति व्यक्ति
- कार्यपत्र : ३२०० ।
- प्रतिवेदन : १००० ।
- व्यवस्थापन (व्यानर, प्रचारप्रसार, पम्पेलेट्स, साउण्ड सिस्टम, टेन्ट आदिको) रु. २५०००।-

**७.४ कृषि मेला प्रदर्शनी (उपमहानगरपालिका स्तरीय)**

- पुरस्कृत गर्न सकिने आइटमहरु खाद्यान्न बाली, दलहन तथा नगदे बाली, फलफूल, तरकारी वाली समुह (लहरे, जरे, काउली तथा टमाटर) आलु, माछा,च्याउ तथा विविध गरी अधिकतम जम्मा १५ कृषि आइटम सम्ममा प्रति आइटम रु. ५,२००।- कोदरले रु. ७८,५००।- र अन्य सान्त्वना पुरस्कार ५० वटाको रु. ३५,०००।
- पुरस्कार रकम प्रति आइटम-
- प्रथम रु. २,०००।-
- द्वितीय रु. १५००।-
- तृतीय रु. १०००।-
- सान्त्वना रु. ७००।-
- स्टल निर्माण रु. ३०,०००।-
- ब्यानर तथा प्रचार प्रसार गाडी रिजर्भ सहित रु. २०,०००।-
- स्टल सजावट तथा संरक्षण खर्च रु.१९,५००।-
- प्रमाणपत्र छपाई खर्च रु. ७,०००।-
- चियापान (एकमुष्ट) रु. १०,०००। (उद्घाटन तथा समापन समारोह ।

**७.५. कृषि बुलेटिन प्रकाशन**

- बुलेटिन ४ पेजको लागि बढीमा रु. ८०००।-
- वुलेटिन ६ पेजको लागि बढीमा रु. १०,०००।-
- वुलेटिन ८ पेजको लागि बढीमा रु. १५,०००।-

- रङ्गिन फोटो राखेर रङ्गिन छपाई गर्दा ५०% रकम थप गर्न सकिने ।

**७.६. कृषि तथ्याङ्क तथा वार्षिक पुस्तिका प्रकाशन**

यस कार्यक्रमका लागि एकमुष्ठ १००००० सम्म खर्च गर्न सकिने छ । यस पुस्तकमा उपमहानगरपालिकाको सम्पूर्ण वस्तुस्थिति तथा कृषि विकासका तथ्याङ्क समावेश गर्नु पर्नेछ ।

**८. माटो व्यवस्थापन कार्यक्रम**

**८.१ प्रदर्शन कार्यक्रम**

**८.१.१ कम्पोष्ट मल तयार गर्ने प्रविधि प्रदर्शन :**

बाली बिरुवामा रासायनिक मलको प्रयोगलाई परिपूर्ति (Supplement) गरी माटोको उर्वराशक्ति वढाउन स्तरयुक्त कम्पोष्ट मल तयार तथा प्रयोगमा जोड दिइन्छ ।

कार्यविधि-

- अन्य प्रदर्शन जस्तै यसमा पनि उपयुक्त स्थान छनौट गरी कृषक सहभागी गराउनुपर्दछ ।
- स्थानीय स्तरमा उपलब्ध हुने पात पतिंगर, तरकारीका टुक्रा टुक्री, गोवर मल आदिलाई खाडलमा तह तह मिलाएर रासायनिक मल र चुना छर्की माटोले लिपेर राखी उपयुक्त समयमा मल निकाल्नुपर्दछ ।
- यस्ता सामग्रीहरुबाट कम्पोष्ट मल वनाउने तरीका क्रमबद्ध रुपमा प्रदर्शन गर्नुपर्दछ । कम्पोष्ट खाडल (१.५ मी. ह १ मी. ह १ मी.) को लागि ज्यामी २ जना कृषि चुन ५ के.जी. रासायनिक मल यूरिया ३ के.जी, डि.ए.पी. २ के.जी लाष्टिक सिट ३ व.मी. (२०० गेज) साईनवोर्ड २.५ फीट ह २ फिट तयारी कम्पोष्ट मलको नमूना परीक्षण (२ नमूना) ।

**८.१.२ हरियो मल नतिजा प्रदर्शन :**

ढैंचा, सनई, वर्सिम आदिलाई हरियो मलको रुपमा कसरी प्रयोग गर्न

सकिन्छ भन्ने तथ्य दर्शाई खेती बालीमा हरियो मल प्रयोगबाट माटोको उर्वराशक्ति अभिबृद्धि गरी उत्पादन वढाउनुपर्दछ ।

**कार्यविधि :**

- सिंचित क्षेत्रमा धान/गहुँ/मकै प्रणाली अपनाउने कृषक समूह सहभागी गराई धान रोप्नुभन्दा पहिले प्रदर्शन प्लटको १/२ जग्गामा हरियो मल प्रयोग गर्नुपर्दछ ।
- हरियो मल प्रयोग गरेको प्लटमा सिफारिशको आधा रासायनिक मल प्रयोग गर्ने र हरियो मल प्रयोग नगरेको प्लटमा सिफारिस बमोजिम रासायनिक मल प्रयोग गर्नुपर्दछ ।
- धान पछि गहुँ/मकै बालीमा पनि यसै गरी रासायनिक मल प्रयोग गर्नुपर्दछ । यसबाट अर्को बालीमा समेत हरियो मलको प्रभाव हेर्न सकिन्छ ।
- यो नतिजा प्रदर्शन सञ्चालन गर्दा हरियो मलको बीउ छर्ने र जग्गा जोत्ने काम गरि सकेपछि त्यसपछि लगाउने बाली लगाई माथि उल्लेख गरे बमोजिम मलखादको प्रयोग गर्नुपर्दछ ।
- यस नतिजा प्रदर्शन पश्चात् फरक पर्न आएको उत्पादकत्व/उत्पादनबारे कृषकलाई अवगत गराउनुको साथै यसको प्रतिवेदन सम्बन्धित कार्यालयहरुमा पठाउनुपर्दछ ।

**८.१.३ सुक्ष्म तत्व प्रयोग प्रदर्शन :**

सुक्ष्मतत्वको अभाव भएको क्षेत्रमा सुक्ष्म तत्वयुक्त मलखाद प्रयोगबाट बाली उत्पादनमा बृद्धि ल्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि :

- अध्ययनको आधारमा विभिन्न सुक्ष्म तत्वहरु कम भएका लक्षणहरु देखिएका स्थानमा प्रयोग प्रदर्शन गर्नुपर्दछ ।
- सुक्ष्म तत्व प्रयोग गर्ने उपयुक्त वेलामा सुक्ष्म तत्वयुक्त मलखाद सामग्री

आवश्यकता अनुरुप प्रयोग गरेर देखाउनुपर्दछ ।

- सुक्ष्म तत्वको प्रयोगबाट बालीमा कस्तो प्रभाव पर्दछ सो बारे सुक्ष्म तत्वको प्रयोग गर्नुअघि र प्रयोगपछि माटो विश्लेषण गरी त्यसको प्रतिवेदन सम्बन्धित कार्यालयहरुमा पठाउने र कृषकलाई समेत जानकारी गराउनुपर्दछ ।

८.१.४ **सुक्ष्म जैविक मल प्रयोग प्रदर्शन** :

उत्पादन बृद्धि गर्न अपनाइने विभिन्न प्रविधि मध्ये सुक्ष्म जैविक मलको प्रयोग पनि एक भएकोले यो प्रदर्शन सञ्चालन गरिन्छ ।

कार्यविधि :

- कोसे बाली भटमास/मुसुरो लगाउने क्षेत्रमा कृषक समूहको सकृय सहभागितामा प्रदर्शन प्लटको आधा जग्गामा जैविक मल प्रयोग गर्ने र बाँकी जग्गामा नगर्ने ।
- दुवै जग्गाको उत्पादन रेकर्ड लिई सम्बन्धित किसानलाई जानकारी गराउँदै यसको विवरण सम्बन्धित कार्यालयहरुमा समेत पठाउनुपर्दछ ।

८.१.५ **गोठेमलमूत्र तयार गर्ने प्रविधि (भकारो सुधार प्रदर्शन)** :

यसमा गहुँत संकलन ट्यांकी निर्माण गरी यसको संकलन तथा संरक्षण गरिन्छ । गहुँतलाई बालीमा सोझै प्रयोग गर्ने तथा भकारोमा मिसाई गोठेमलको गुणस्तर बढाउने कार्य गरिन्छ । भकारोबाट गहुँत मिसाउनको अलावा गोठेमलबाट प्रमुख खाद्यतत्व मध्येको नाइट्रोजन तत्व नष्ट हुन नदिनको लागि छापो दिने, मल तर्काउने र चुहिएर तथा उडेर नोक्सान हुन दिनबाट जोगाउने गरिन्छ । यस अन्तर्गत वस्तुको लागि गोठ बनाउदा मुत्र नचुहिने अर्थात चुहिएर खेर नजाने खालको बनाउन कृषकलाई प्रेरित गरिन्छ । स्थानीय स्तरमा पाउने ढुंगा, छपनी आदि प्रयोग गरी कृषककै सहभागितामा गहुँत बग्ने खालको गोठको भूई निर्माणमा जोड दिइन्छ साथै बगेको गहुँतलाई नली मार्फत संकलन ट्यांकमा जम्मा गर्न ट्यांक र

नलीको व्यवस्था गर्न उत्प्रेरित गरिन्छ ।

**८.१.७ कृषि चुन प्रयोग :**

माटो परिक्षण नतिजाको आधारमा देखिएको अम्लियपन घटाउन यो प्रदर्शन गरिन्छ ।

कार्यविधि : माटो परिक्षण शिविरको नतिजा तथा अन्य अध्ययनको आधारमा कृषि चुन प्रयोग गर्न आवश्यक स्थानमा प्रदर्शन प्लटको आधा जग्गामा सिफारिस गरिए अनुसार चुन प्रयोग गरी प्रदर्शन गर्नुपर्दछ ।

**८.१.८ भर्मिकम्पोष्ट प्रदर्शन**

**आर्थिक पक्ष**

माथि उल्लेखित सम्पूर्ण प्रर्दशन कार्यको लागि स्थानीय दररेटमा नवढाइकन २०,०००। सम्म खर्च गर्न सकिने छ ।

**८.२ माटो परिक्षण शिविर/माटो सप्ताह सञ्चालन**

योजनावद्ध रुपले खास ठाउँको माटोको समस्यालाई प्रस्ट्याउन अभियानको रुपमा माटो परीक्षण शिविर सञ्चालन गरिन्छ । यस्तो शिविर एक हप्तासम्म सञ्चालन गरी माटो सप्ताहको रुप दिन पनिसकिन्छ ।

कार्यविधि :

- क्षेत्रीय माटो परीक्षण प्रयोगशालाले माटो परीक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउनुपर्नेछ ।
- कृषि विकास शाखाले कृषकहरुलाई कार्यक्रमवारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्नुपर्दछ ।
- सेवा केन्द्रस्तरमा माटो व्यवस्थापन तालिमसंग आवद्ध गरी माटो परिक्षण शिविर सञ्चालन गर्नु प्रभावकारी हुन्छ ।

- ❑ माटो परीक्षण शिविर सञ्चालन २ दिन
- ❑ पहिलो दिन माटो परीक्षण (१०० नमूना)

- ❑ दोस्रो दिन माटो व्यवस्थापन तालिम/अन्तरकृया चियापान, ब्यानर, स्टेशनरी व्यवस्थापन, १०० वटा माटोका नमूना परीक्षणका लागि आवश्यक रि-एजेन्ट खरिद र इन्धन आदिका लागि रु. ३०,०००।- सम्म खर्च गर्न सकिने छ ।

**८.३ फिल्डस्तरीय दिगो भू-व्यवस्थापन तालिम**

माटोको उर्वराशक्ति वढाउने खालका प्रांगारिक तथा रासायनिक मल, एकीकृत खाद्य तत्व व्यवस्थापन, माटो जाँचको आवश्यकता आदि र कृषकको माग बमोजिम दिगो माटो व्यवस्थापन सम्बन्धी विषयमा सैद्धान्तिक तथा व्यवहारिक तालिम सञ्चालन गरिन्छ ।

यस कार्यक्रमका लागि फिल्डस्तरीय तालिम संचालनको आर्थिक पक्ष अनुसार हुनेछ ।

**८.४ एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला सञ्चालन**

**परिचय :**

भू-क्षय प्रांगारिक पदार्थको गिरावट, असंतुलित तथा अपर्याप्त मलको प्रयोग, अम्लियकरण आदिबाट भइरहेको माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरुको आवश्यकता अनुरुप खाद्य तत्व आपूर्ति गरी दिगो रुपमा माटोको उर्वराशक्ति अभिबृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

कार्यविधि : एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला सञ्चालन गर्ने छुट्टै निर्देशिका माटो व्यवस्थापन निर्देशनालयसंग सम्बन्धित भएकोले सोही अनुरुप यो कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस कार्यका लागि बजेट निर्देशिका अनुसार हुनेछ ।

**८.५ गह्रा सुधार प्रविधि :**

चक्लावन्दी खेती लाई प्रोत्सहान गर्नका लागि यो कार्यक्रम संचालन गरिने छ । यस कार्यक्रमका लागि कम्तीमा १ विघा क्षेत्रफल हुनुपर्ने छ ।  डोजर,

टेक्टर, ज्यामी, आदिसहित गह्रा सुधारका लागि स्थानीय प्रचलित मूल्यमा कृषकको तर्फबाट २० प्रतिशत र कार्यालयको तर्फबाट ८० प्रतिशत रकम व्यवस्थापन गर्न सकिने छ ।

**९. स्थानीय रैथाने वाली प्रर्बद्धन कार्यक्रम :**

यस कार्यक्रम अन्तरगत लोप हुन लागे र पोषणको दृष्टिले निकै महत्वपूर्ण वालीहरुको संरक्षण, प्रर्वद्धन तथा  क्षेत्र विस्तार, उत्पादन तथा उत्पादकत्व बृद्दि गर्नका लागि सहयोग पुग्ने खालका कार्यक्रमहरु समावेश गरिने छ ।

**९.१ उन्नत वीउ वितरण :**

कुनै स्थान विषेशमा सफलता पाएको पिडालु, स्थानीय आलु तथा अन्न स्थानीय वालीको  उन्नत वीउ वितरण गरी उत्पादनमा टेवा प्रदान गरिने छ । यसमा उन्नत वीउ खरीद गरी ४ के.जी. का दरले प्याकेट वनाई वीतरण गरिने छ । यसको लागि १ वटा प्याकेटलाई प्रति के.जी. प्रचलित वीउको मूल्य अनुसार वजेट खर्च गर्न सकिने छ । साथै कृषकको मागा आधारित रहेर कृषकको आवश्यकता अनुसार वीउको मल्यमा ५० प्रतिशत अनुदानमा उन्नत वीउ वितरण गरिने छ ।

**९.२. नतिजा प्रर्दशन कार्यक्रम :**

यस कार्यक्रममा स्थानीयस्तरमा उत्कृष्ट तथा नयाँ आयामिक प्रविधिको प्रर्दशन गरेर कृषकलाई नया तथा पुरानो प्रविधिको वारेमा तुलनात्मक अध्ययन गर्नु हो । यस कार्यक्रममा स्थानीय रैथाने वालीको खेती प्रविधीको एकैपटक वा पटक पटक गरी देखाउन सकिने छ । यसमा आवश्यक मल, वीउ, वाली संरक्षण सेवा तथा साईनवोर्ड गरी जम्मा ५०००।- प्रति नतिजा प्रर्दशन कार्यक्रममार्फत खर्च गर्न सकिने छ ।

**९.३. उत्पादन प्रर्दशन कार्यक्रम :**

यस कार्यक्रममा नतिजा प्रर्दशनमा भन्दा वढी क्षेत्रफल जग्गामा उन्नत तरीका तथा साधनको प्रयोग गरेर वढी उत्पादन लिने हिंसावले कृषकलाई

प्रोत्साहन गरिने छ । यसमा स्थानीय वाली विषेश उन्नत प्रविधिको प्रर्दशन गरिने छ । यो प्रर्दशन गर्न मल, वीउ, विषादी, साइनवोर्ड गरी जम्मा १००००।- प्रति उत्पादन प्रर्दशन कार्यक्रममार्फत खर्च गर्न सकिनेछ ।

**९.४ ढुवानी अनुदान :**

यसमा कृषकको खेतवारीसम्म ढुवानी कार्यक्रम संचालन गरिने छ । यसमा कृषकलाई प्रचलित भाडा वमोजिम शतप्रतिशत अनुदान उपलव्ध गराइने छ ।

**१०. बाली संरक्षण :**

**१०.१. आकस्मिक बाली संरक्षण सेवा**

जिल्लाहरूमा कीरा, रोग आदिले प्रायः वर्षैपिच्छे बाली नाली आक्रमण गरेका हुन्छन । कहिले काहीं यसले प्रकोपकै रुप लिन पनि सक्दछ । यस्तो अवस्स्थामा उप महानगरपालिकाबाट आकस्मिक बाली संरक्षण सेवा उपलब्ध गराउने व्यवस्था छ । यस कार्यका लागि कृषि शाखामार्फत जिल्लालाई बाली संरक्षण अनुदानमा रु. १,५०,०००।- आफ्नो क्षेत्रभित्र प्राप्त प्रकोप सम्बन्धी सूचना र मागको आधारमा बाली संरक्षण विषादी अथवा सामग्री वा दुवै खरीद गरी उपलब्ध गराउन सकिने ।

कार्यविधि :

- जिल्लामा रोग कीराको प्रकोप देखिनासाथ क्षेत्रीय कृषि निर्देशनालयलाई प्रकोपको विवरणसहित नियन्त्रणको लागि अनुरोध गर्नुपर्नेछ ।
- यसरी अनुरोध गर्दा विषादी स्प्रेयर, डस्टर आदि के कति आवश्यक परेको हो सो को माग गरी प्रकोप नियन्त्रण गर्न स्थानीय निकाय एवं कृषक समूहहरूलाई समेत परिचालन गराउन तयार गर्नुपर्नेछ ।

**१०.२. कृषि उपकरण व्यवस्था**

कृषकहरूलाई आवश्यक पर्ने सामग्री जस्तैः स्प्रेयर, डस्टर, मेटलवीन आदिमा केही अनुदान दिंदाकृषकले यस्ता सामग्रीको संग्रह गर्ने हुँदा यस किसिमको व्यवस्था मिलाईएको हो । यी सामग्री बालीविशेष कार्यक्रमको

लागि उपयोगी हुन्छन् । स्प्रेयर, डस्टर र मेटलविन खरीदमा ५० प्रतिशत तथा तरकारी बीउ थ्रेसरमा (मोटरसहित) ५० प्रतिशत अनुदान दिन सकिनेछ ।

कार्यविधि-

- कृषकको आवश्यकता अननुसारका सामग्रीहरू पहिचान गरी नर्मसमा उल्लेख भए अनुसार उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।
- यस्ता सामग्रीहरू उपलब्ध गराउँदा सकभर कृषक समूहमा रहने गरी भरपाई समेत गराउनु पर्दछ ।

**१०.३. बाली उपचार शिविर (प्लाण्ट क्लिनिक)**

**परिचय :**

बाली विरुवामा रोग, किरा र अन्य समस्याहरुको कारणहरुले गर्दा बाली उत्पादनमा बर्षेनी १५-२०% सम्म ह्रास भएको पाइएको छ । कृषकहरुले बाली बिरुवाहरुका समस्याहरुको सही उपचार प्राप्त गर्न सकिरहेका छैनन् । कृषि बिकास शाखा अन्तर्गत बाली संरक्षण अधिकृत, जे.टी. वा जे.टी.ए. हरु मार्फत र पहुँचवाट टाढा रहेका एग्रोभेट वा छिमेकीको सल्लाहबमोजिम बाली उपचार गर्ने गरेको यथार्थ छ । एग्रोभेटबाट दिइने सेवा हेर्ने हो भने कृषकहरुले भनेको मौखिक भरमा बिना कुनै निरीक्षण तथा परिक्षणबाट बिषादीहरु सिफारिस गरेको पाइन्छ भने कृषि शाखामा आउने अधिकांश कृषकहरु पनि रोग कीराको नमूना नलिई आउने गर्नाले अन्दाजिको भरमा सल्लाह प्रदान गरेको स्थिति छ । समस्याको सही पहिचान बिना कुन बिषादी कति मात्रामा प्रयोगगर्ने र कसरी प्रयोग गर्ने भन्ने ज्ञान शिपको अभावमा अन्धाधुन्ध बिषादी छर्ने प्रचलनका कारण एकातिर कृषकहरुको लगानी खेर गैरहेको छ भने अर्कोतर्फ समयमा नै समस्या समाधान नहुनु र बिषादीको प्रयोगले मानिस, जीवजन्तु र वातावरणमा नकारात्मक असर परिरहेको छ । तसर्थ एउटा परीक्षण तथा सत्य तथ्यमा आधारित गुणस्तरीय

एवं भरपर्दो बाली उपचार पद्धतिको आवश्यकता टड्कारो छ जसको समाधान भनेको बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) नै हो । बाली उपचार शिविर एउटा यस्तो थलो हो जहाँ कृषकहरुले आफ्नो बालीमा लागेका रोग, किरा तथा अन्य समस्याको समस्याग्रस्त बोट बिरुवाका नमूना शिविरमा ल्याई बाली उपचार बिशेषज्ञहरुबाट समस्या पहिचान तथा समाधानका उपायहरु वारे सल्लाह प्राप्त गर्दछन् ।बाली उपचार शिबिर २ तरीकाबाट सञ्चालन गर्न सकिन्छ : १) घुम्ती बाली उपचार शिबिर,२) नियमित बाली उपचार शिबिर । यी दुवै शिविरको कार्यविधिमा खासै भिन्नता छैन । नियमित बाली उपचार शिबिर निश्चित स्थानमा नियमित रुपमा आवश्यकता बमोजिम एक हप्ता वा १५ दिन वा महिनाको १ पटक वा खास बालीहरुको समस्यायूक्त समयमा सञ्चालन गरिन्छ भने घुम्ती बाली उपचार शिबिर जिल्लाको विभिन्न क्षेत्रहरुको समस्याको आधारमा घुम्ति रुपमा सञ्चालन गर्न सकिन्छ ।बाली उपचार शिबिर (प्लाण्ट क्लिनिक) सञ्चालन गर्नको लागि नेपाल कृषि सेवा वा अन्य कृषिसँग सम्बन्धित निकायमा कार्यरत कम्तिमा रा. प. तृत्तिय श्रेणीको सेवामा रही प्लाण्ट क्लिनिक सञ्चालनसम्बन्धी एक हप्ते तालिम लिएको व्यक्तिले प्लाण्ट क्लिनिक बिशेषज्ञ भनिन्छ भने कृषि क्षेत्रमा कार्यरत अन्य मध्यम स्तरका प्राविधिकहरुले पनि यस प्रकारको तालिम हासिल गरी बाली उपचार शिबिर (प्लाण्ट क्लिनिक) सञ्चालन गर्न सक्ने छन् ।

कार्यविधिः

१) घोराही उपमहानगरपालिका भित्रका अन्न, फलफूल, तरकारी र अन्य बालीहरुको पकेट क्षेत्रलाई समेट्ने गरी समस्या देखिएका क्षेत्र तथा रसायनिक विषादीको अत्याधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरैकृषकलाई सहभागी बनाउन पाएक पर्ने ठाउँमा बाली उपचार शिबिर सञ्चालन गर्नुपर्दछ ।

२) बाली उपचार शिबिर सञ्चालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई उपयुक्त माध्यमबाट समय मै जानकारी दिनु पर्नेछ ।

३) कृषकले ल्याएको बालीको नमूना र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ । उक्त दिन बाली नमूनाको समस्या पहिचान हुन नसकेमा यथाशक्य छिटो उपयूक्त निकायमा नमूना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई उचित व्यवस्थापनका उपायहरुसहित यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ ।

४) बाली उपचार शिबिर सञ्चालन अवधि १ दिनको हुनेछ ।

५) बाली उपचार शिबिरमा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता, होटल बास खर्च र खाजा खर्च पाउने छैनन् साथै यस कार्यक्रममा कृषकबाट शुल्क लिने व्यवस्था हुनेछैन ।

६) बाली उपचार शिबिर बाली उपचार बिशेषज्ञ (प्लाण्ट क्लिनिक बिशेषज्ञ) को प्रत्यक्ष संलग्नतामा गर्नुपर्नेछ । सम्बन्धित जिल्लामा बाली उपचार बिशेषज्ञ (प्लाण्ट क्लिनिक बिशेषज्ञ) नभएमा नजिकको कृषि ज्ञान केन्द्र, क्षेत्रीय बाली संरक्षण प्रयोगशाला, अनुसन्धान केन्द्र, अध्ययन संस्थान वा प्राविधिक शिक्षालयबाट तालिम प्राप्त बाली उपचार बिशेषज्ञ (प्लाण्ट क्लिनिक बिशेषज्ञ) को सहयोग लिई सञ्चालन गर्न सकिने छ ।

७) जिल्लामा अन्य संघ/संस्था/निकायबाट यस प्रकारको बाली उपचार शिबिर सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित कृषि शाखाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

८) बाली उपचार शिबिर हुने मिति, समय र स्थान निश्चित गरी सो को जानकारी सम्बन्धित क्षेत्रीय बाली संरक्षण प्रयोगशाला र बाली संरक्षण निर्देशनालयमा पठाउनु पर्नेछ ।

९) बाली उपचार शिबिर सञ्चालन गरिएका जिल्लाबाट बार्षिक रुपमा शिबिर

सञ्चालन स्थान, नमूना संकलन गरिएको क्षेत्र, बाली क्षेत्र, देखिएको समस्याहरु र प्रदान गरिएका सुझावहरु उल्लेखित प्रतिबेदन सम्बन्धित क्षेत्रीय बाली संरक्षण प्रयोगशाला हुँदै बाली संरक्षण निर्देशनालयमा पठाउने व्यवस्था गर्नु पर्नेछ ।

**आर्थिक पक्ष :**

यस कार्यक्रमको लागि विज्ञापन, व्यानर, पम्पेलेट, कर्मचारीलाई चिया खाजा, दैनिक भ्रमण भत्ता, तथा क्लीनिक संचालन गर्नको लागि आवश्यक सामग्री खरिदका लागि २५००० ।- सम्म खर्च गर्न सकिने छ ।

**१०.४. कृषक पाठशाला**

आधुनिक कृषि प्रविधि प्रसार गर्ने सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूहलाई नै सम्भव भएसम्म कृषक पाठशालाको रुप दिई यिनीहरूकै माध्यमबाट आइ.पि.एम. प्याकेज कार्यक्रम सञ्चालन गरिन्छ ।

**पाठशाला सञ्चालन**

- कृषक पाठशालालाई एकीकृत शत्रुजीव व्यवस्थापन प्रविधि विकास एवं प्रयोगको थलोको रुपमा अघि वढाउन निम्न अनुसार कार्यक्रमहरूलाई एकीकृत रुपमा समेटिएको छ ।
- यस्ता कृषक पाठशालाहरूमा बाली संरक्षणको अलावा अन्य प्रविधिहरू जस्तैः एकीकृत माटो व्यवस्थापन, उत्पादनका उन्नत प्रविधिहरू सवै एकीकृत रुपमा लैजानु पर्नेछ ।

१०.४.१स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी (३ पटक) कृषक पाठशाला शुरुबाट गर्नु अगाडि प्राविधिक र कृषकहरूको उपस्थितिमा एक आपसमा अन्तरक्रिया गर्न स्थानीय वस्तुस्थिति, कृषक समस्या र आवश्यकताको आधारमा दुई तीनपटकसम्म स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी सञ्चालन गरिन्छ ।

१०.४.२ स्थलगत तालिम सञ्चालन २० देखि २५ जनासम्म महिला तथा पुरुष कृषकहरू जम्मा गराई बाली अवधिमा नियमित रुपले व्यवहारिक

तथा प्रयोगात्मक तालिम सम्भव भएसम्म बाली अवधिमा नै सञ्चालन गरिन्छ ।

१०.४.३.कृषक पाठशाला दिवस :

कृषक पाठशालाका सहभागी कृषकहरू, कार्यक्रम सञ्चालनमा संलग्न प्राविधिकहरू, जिल्लास्तरीय कृषिसँग सम्बद्ध निकायहरू तथा आमन्त्रित व्यक्तिहरूको उपस्थितिमा कृषक पाठशाला कार्यक्रम बारे समीक्षा गरी भावी दिशा लिन यस्तो दिवस मनाइन्छ ।

१०.४.४ आइ.पि.एम. लाईट ट्र्याप प्रदर्शनः वत्तीमा कीराका वयस्क पुतलीहरूलाई आकर्षित गराई पासोमा पारी नियन्त्रण गर्न प्रयोग गरिने यो प्रदर्शन स्थानीय समस्याको आधारमा सञ्चालन गरिन्छ । प्रदर्शनमा प्रयोग गरिने बत्तीको छनोट गर्दा समेत स्थानीय उपलब्ध श्रोतलाई दृष्टिगत गरिन्छ ।

१०.४..५ आई.पि.एम.परजीवी प्रयोग प्रदर्शन

कृषकहरूलाई मित्र जीवहरूको पहिचान गरी सुरक्षा गर्न सक्ने र शत्रु जीवहरूको नियन्त्रण गर्न परजिवीहरूको प्रयोग प्रदर्शन गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

१०.४.६ आई.पि.एम. एप्रोच प्रदर्शन

बाली नालीमा खास गरी फल कुहाउने औंसा कीरा नियन्त्रण गर्न यो प्रदर्शन सञ्चालन गरिन्छ । यस प्रदर्शनमा केवल फेरोमन ट्र्याप मात्र नराखी कृषकबाट गर्न सकिने अन्य क्रियाकलापहरू जस्तैः खेतवारीको सरसफाई, उपयुक्त समयमा सिंचाई गर्ने, आवश्यक मलखाद प्रयोग गर्ने कार्यलाई पनि संगसंगै लगिन्छ । यस किसिमको एप्रोच प्रदर्शन जिल्ला कृषि विकास कार्यालयको सहभागितामा वा कृषक स्वयंबाट स्थापित नमूना बगैंचामा यथासम्भव सञ्चालन गर्न उचित हुनेछ ।

यो कार्यक्रम सञ्चालन गर्ने विस्तृत कार्यविधि बाली संरक्षण निर्देशनालयबाट प्रकाशित आइ.पि.एम. कृषक पाठशाला निर्देशिकामा

प्रस्तुत भएकोले सोही बमोजिम गर्नुपर्नेछ ।

**आर्थिक पक्ष :**

यस कार्यक्रमको लागि विज्ञापन, व्यानर, पम्पेलेट, कर्मचारीलाई चिया खाजा, दैनिक भ्रमण भत्ता, तथा क्लीनिक संचालन गर्नको लागि आवश्यक सामग्री खरीदका तथा माथि उल्लेखित सर्म्पूण कार्यको लागि १०००००।- सम्म खर्च गर्न सकिने छ ।

**११. नगदेवाली उत्पादन कार्यक्रम**

**११.१. मसला वाली बिकास कार्यक्रम (अदुवा बेसार लसुन प्याज धनिया आदि) :**

अदुवा र बेसारको उन्नत वीउको प्रयोग गरी महामारीको रुपमा फैलिरहेको गानो कुहिने रोगलाई मात्र व्यवस्थापन गर्न सकिएमा लगभग ३० प्रतिशत उत्पादन बृद्धि हुने देखिएकोले कृषकहरु समक्ष यो अदुवा र बेसारको उत्पादन प्रदर्शनमार्फत खेती प्रविधिको प्रचार प्रसार गरी व्यवस्थापनबाट उत्पादन बृद्धि गराउन जरुरी छ र अन्य उत्पादन प्रदर्शन कार्यक्रम सरह यस्को लागिपनि रु. १००००। खर्च गर्न सकिने छ । साथै उत्पादन बृद्धि गर्नका लागि आबश्यक पर्ने बिउ तथा अन्य सामग्री ५० प्रतिशत अनुदानमा उपलब्ध गराइने छ ।

**११.२ उखु उत्पादन कार्यक्रम :**

लोप हुँदै गैरहेका तर कृषकस्तरमा उत्पादन भैरहेको उखु खेतीलाई व्यवसायिकरण गर्नमा जोड दिइने छ । यसको लागि उत्पादन प्रर्दशन, सकर वितरण जस्ता कार्यलाई प्राथमिकताका साथ संचालन गरिनेछ । यसको लागि स्थानीय दररेटमा सकर ढुवानी तथा खरीद गरी कृषकलाई ५० प्रतिशत अनुदान उपलव्ध गराइने छ । साथै उत्पादन प्रर्दशन कार्यक्रमको लागि रु. १००००। सम्म खर्च गर्न सकिने छ ।

आज्ञाले,

सन्तबहादुर सुनार

प्रमुख प्रशासकीय अधिकृत